मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८०/८१ पशु सेवा
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मिति: २०८०/०९/१३

सूचना सूचना सूचना

मन्थली नगरपालिका वडा नं.१ मन्थली बजार क्षेत्रमा मिति २०८०/०९/१२ गतेका दिन रेबीज संकास्पद सेतो रगंको कुकुरले मानिसहरु तथा घरपालुवा पशुहरुलाई टोकेर घाईते बनाउदै हिडेको भन्ने सूचना प्राप्त भएको हुदा उक्त शंकास्पद कुकुर कोहि कसैले देख्नु भएमा सावधानी एंव सतर्क रहनको लागि जानकारी गराईन्छ । यदि रेबिज शंकास्पद कुकुरले टोकिहालेमा तपसिल अनुसारका कार्यहरु गर्न गराउनुहुन सर्बसाधारण सबैको जाकारीको लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ ।

तपसिल :

१. रेबिज शंकास्पद कुकुरले मानिस वा घरपालुवा पशुहरुलाई टोकेमा तुरुन्त साबुन पानी वा डिटोल पानीले घांउ राम्रो संग सफा गर्नुपर्दछ ।
२. रेबिज शंकास्पद कुकुरले मानिसलाई टोकेमा नजिकको प्राथमिक स्वास्थ्य केन्द्र वा नगर तथा जिल्ला अस्पतालहरुमा सम्पर्क राखी चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सर-सल्लाह बमोजिम पोष्टबाईट रेबिज बिरुद्धको खोप लगाउनु पर्दछ ।घरपालुवा पशुहरुलाई टोकेमा नजिकको पशु सेवा केन्द्र वा पालिकाको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा सम्पर्क राखी पशु चिकित्सक वा पशु स्वास्थ्यकर्मिको सर- सल्लाह बमोजिम पोष्टबाईट रेबिज बिरुद्धको खोप नियमित रुपमा लगाउनु पर्दछ ।
३. आफुले घरमा पालेका कुकुर बिरालोहरुलाई ३ महिनाको उमेर पुगेपछि पहिलो पटक रेबिज बिरुद्धको खोप नजिकको पशु सेवा केन्द्र वा पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा लगि खोप लगाउनु पर्दछ । पहिलो पटक खोप लगाएको ९ महिना पछि पुनः रेबिज बिरुद्धको बुष्टर डोज खोप लगाउनु पर्दछ । प्रत्येक बर्ष बर्ष दिनमा नियमित रुपमा रेबिज बिरुद्धको खोप अनिबार्य रुपमा नछुटाई लगाउनु पर्दछ ।
४. आफुले घरमा पालेको कुकुर बिरालोहरुलाई नियमित रुपमा रेबिज बिरुद्धको खोप र जुका बिरुद्धको औषधी खुवाउनु पर्दछ। आफुले पालेको घरपालुवा कुकुरहरुलाई जथाभावि छाडा नछाडी बाधेर पाल्नु पर्दछ ।
५. घरपालुवा वा जंगली पशुपन्छीहरु रोग तथा कालगतिले मरे वा मृत्यु भएका पशुपन्छीहरु जथाभावी काटमार गरि मासु बिक्रि बितरण गर्नु हुदैन । मरेका पशुपन्छीहरु जथाभावि सार्बजानिक स्थल नदी,खोला,खोल्सीहरुमा फाल्नु हुदैन त्यस्ता मरेका वा मृत्यु भएका पशुपन्छीहरुलाई गहिरो खाडल खनेर डिसईन्फेक्टेड औषधीहरु चुना, भिरकोन, फिनायल, खाने नुन आदि राखेर पशुपन्छीहरु पुर्नुपर्दछ ताकि जंगली जनावर स्याल,फ्याउरो कुकुर, बिरालोहरुले खनि खोस्रेर सिनो खान नसक्ने किसिमबाट गाड्नु पर्दछ ।